धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९३ ◆ २०८३ कात्तिक २ सोमबार ◆ Monday, October 19, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

चौथो उपाध्यक्ष कप भलिबल प्रयोगिताको उपाधि रतचुरालाई

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । विजयादशमी २०८३ को अवसर पारेर सिन्धुलीको गोलञ्जोर गाउँपालिकाले आयोजना गरेको 'चौथो उपाध्यक्ष कप भलिबल प्रयोगिता'को उपाधि वडा नं ५ रतचुरा टोलीले हात पारेको छ ।

खनियाखर्कस्थित खेल मैदानमा भएको सो प्रतियोगितामा वडा नं १ डुडभञ्ज्याङ दोस्रो, वडा नं ५ खनियाँखर्क तेस्रो र वडा नं १ डुडभञ्ज्याङ टोली सान्त्वना भएको उपाध्यक्ष ज्वालाप्रसाद न्यौपानले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथम हुने टोलीले रु ५० हजार, दोस्रोले रु ३० हजार, तेस्रोले रु २० हजार र सान्त्वना हुने टिमले रु १० हजारसहित शिल्ड र मेडल प्राप्त गरेका छन् । प्रतियोगितामा विभिन्न सात वटा टिमले भाग लिएको थियो ।

बडादसैं, तिहार, नेपाल संवत् र छठ पर्वका अवसरमा खेलकुदमार्फत भाइचारा अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको पालिकाले जनाएको छ । उक्त पालिकाले 'अध्यक्ष कप फुटबल'सहित विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्दै आइरहेको छ ।

चितवनमा रु ३० करोडभन्दा बढी खसीको व्यापार

चितवन । बडादसैंमा जिल्लामा रु ३० करोडभन्दा बढीको खसी बोकाको व्यापार हुने व्यवसायीले जनाएका छन् । यो पर्वमा खसी, बोका, राँगा, बङ्गुर र कुखुराको बलि दिने गरिन्छ ।

दसैंको सुरुआतसँगै जिल्लामा खसी, बोकाको मासुको व्यापार बढेको छ । मासु व्यवसायी सङ्घ चितवनका अध्यक्ष गणेशप्रसाद कँडेलका अनुसार यो वर्षको दसैंमा मात्र व्यावसायिक रुपमा १५ हजार बढी खसी काटिने छ । अध्यक्ष कँडेलका अनुसार दसैंमा मात्रै रु ३० करोडको कारोबार हुने अनुमान गरिएको छ । जिल्लामा रहेका एक हजार बढी मासु पसलमध्ये १५० वटा खसी मात्र काट्ने मासु पसल रहेका छन् । अन्यमा कुखुरा र खसीसँगै काट्ने गरिएको उहाँले जानकारी दिनुभयो । यो तथ्याङ्कमा दसैंका लागि घरमै उत्पादन गरी घरमै खपत भएका खसीबोकालाई जोडिएको छैन ।

गत वर्षको दसैंमा १० हजार बढी खसी-च्याङ्ग बिक्री भएको थियो । यस पटक बिक्री बढ्ने देखिएको उहाँले बताउनुभयो । १५ हजारसम्म खसी-च्याङ्ग (बनाएर वा जिउँदो) बिक्री हुने अनुमान गरिएको उहाँले बताउनुभयो । कँडेलका अनुसार १५ हजार खसी-च्याङ्ग बिक्री भएको खण्डमा रु ३० करोडको कारोबार हुन्छ । विगत पाँच वर्षदेखि चितवनका मासु व्यवसायीले दसैंमा भारतीय खसीबोका आयात गरेका छैनन् । चितवनमा सञ्चालनमा आएका सहकारीहरुले खसीबोका उत्पादन गर्न थालेपछि भारतबाट खसीबोका नभिकाइएको अध्यक्ष कँडेलले बताउनुभयो । उहाँका अनुसार यसपटक चितवनका खसीहरु कठमाडौं पठाइएको छ । चितवनमा गोरखा, धादिङ, नवलपरासी, तनहुँलगायत जिल्लाहरुबाट खसी आउने गरेको उहाँले जानकारी दिनुभयो । जिउँदो खसीको मूल्य रु ७०० भन्दा माथि पर्ने गर्दछ । तयारी प्रतिकिलो रु एक हजार दुई सयमा खसीको मासु चितवनको बजारमा बिक्री भइरहेको छ ।

कुखुराको मासु भने खासै दसैंमा बिक्री नहुने उहाँको भनाइ छ । उहाँका अनुसार रु चार करोड हाराहारीको कुखुराको मासु बिक्री हुने अनुमान गरिएको छ । गत वर्षको तुलनामा दसैंका लागि चितवनमा च्याङ्ग मागभन्दा बढी आएको छ । पहिला मुस्ताङबाट मात्र च्याङ्ग आउने चितवनमा यसपटक जुम्ला, बझाङ, डोल्पाबाट पनि चितवनको बजारमा च्याङ्ग आइरहेको छ ।

यस वर्षको दसैंमा चितवनमा तीन हजारभन्दा बढी च्याङ्ग आएको उहाँले बताउनुभयो । जसका कारण व्यापार बढ्ने आकलन छ । यस अघिका दसैंमा फूलपातीबाट मासुको व्यापार बढ्ने भए पनि यस वर्ष घटस्थापनाबाटै बढेकाले खपत बढ्ने अनुमान गरिएको उहाँको भनाइ छ ।

चाडपर्वमा चोरी, ठगी र दुर्घटनाबाट जोगिन आग्रह

कास्की । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले बडादसैं लगायतका चाड पर्वका अवसरमा हुन सक्ने चोरी, ठगी, लुटपाट र अन्य आपराधिक गतिविधि बाट जोगिन सर्वसाधारणलाई आग्रह गरेको छ ।'सभ्य बनौं, सुरक्षित रहौं, हर्षोल्लासका साथ चाडपर्व मनाऔं' भन्ने सन्देशसहित प्रहरीले सबैलाई आपसी सद्भाव कायम राख्दै जिम्मेवार र सुरक्षित तरिकाले चाडपर्व मनाउन अनुरोध गरेको हो । चाडपर्वका बेला घर छाडेर बाहिर जाने, बजारमा किनमेल गर्ने तथा सार्वजनिक स्थानमा भीडभाड बढ्ने भएकाले सुरक्षा सतर्कता अपनाउन प्रहरीले अनुरोध गरेको हो । चाडपर्वमा बाहिर जाँदा भ्यालढोका राम्रोसँग बन्द गर्न, छिमेकीलाई निगरानीका लागि अनुरोध गर्न तथा घर र टोलको सुरक्षाका लागि सीसीटीभी र आपत्कालीन साइरनजस्ता सुरक्षा उपाय अपनाउन सुझाव दिएको छ ।

ढुङ्गे - त्रिशूली जोड्ने झोलुङ्गे पुल सञ्चालनमा आयो

❑ *प्रत्यूष समाचारदाता*

नुवाकोट । भोटेकोशी बाढीले नुवाकोटको विदुर नगरपालिका-१ स्थित त्रिशूली नदीमाथिका दुईवटा पक्की पुल बगाएपछि अवरुद्ध बनेको आवत-जावत झोलुङ्गे पुल निर्माणसँगै सहज भएको छ । ढुङ्गे र त्रिशूली बजारलाई जोड्ने गरी निर्माण गरिएको पुल पूर्ण रूपमा सम्पन्न हुन बाँकी रहे पनि स्थानीयवासीको कठिनाइलाई दृष्टिगत गर्दै सञ्चालनमा ल्याइएको हो ।

गत भदौ १० गतेको बाढीले पुल बगाएपछि नदी वारपार गर्न स्थानीयवासीले तुइन तथा जिपलाइनको सहारा लिँदै आउनु परेको थियो । विशेषगरी बाढीबाट प्रत्यक्ष प्रभावित त्रिशूली बजारसहित नदीपारिका बस्तीमा आवतजावत गर्न कठिनाइ हुँदै आएको थियो । झोलुङ्गे पुल सञ्चालनमा आएपछि स्थानीयवासीलाई आवतजावतका साथै राहत सामग्री ओसारपसार र पुनःस्थापनाका काममा पनि सहज भएको छ । नुवाकोट निर्माण व्यवसायी सङ्घका अध्यक्ष शैलेन्द्रराज प्याकुरेलका अनुसार पुलको मुख्य वारपार गर्ने संरचना र लट्ठा जडानको काम सम्पन्न भएपछि स्थानीयवासीको आवश्यकतालाई ध्यानमा राखेर सञ्चालनमा ल्याइएको हो । पुलका दुवैतर्फका चार स्थानमा सहायक लट्ठा बाँध्नेलगायत केही काम भने बाँकी छन् ।

"भोटेकोशी बाढीले त्रिशूली नदी र आसपासका खोला तथा नदीमाथिका संरचनामा क्षति पुऱ्याएपछि वारपारका लागि निर्माण गरिएको यो पुल पहिलो हो," अध्यक्ष प्याकुरेलले भन्नुभयो, "पुलको बाँकी काम क्रमशः सम्पन्न गर्दै जानेछौं । चाडपर्वको समयमा र बाढी प्रभावित क्षेत्रका बासिन्दाले तुइनबाट आवतजावत गर्दा भोग्नुपरेको कष्टलाई कम गर्न पूर्ण रूपमा निर्माण सम्पन्न नहुँदै सञ्चालनमा ल्याएका हौं ।" पुलको केही संरचना निर्माण गर्न बाँकी रहेकाले वारपारका क्रममा पुल हल्लिने समस्या रहेको छ । यद्यपि, प्राविधिकको भनाइ उल्लेख गर्दै निर्माण पक्षले पुलबाट एकैपटक ठूलो सङ्ख्यामा यात्रु आवतजावत गर्न सक्ने जनाएको छ । विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले बाढीपछि त्रिशूली नदी वारपार गर्न प्रयोग गर्न मिल्ने पक्की संरचना क्षतिग्रस्त भएकाले स्थानीयवासीले जोखिमपूर्ण माध्यमबाट यात्रा गर्नुपरेको बताउनुभयो । तुइन र जिपलाइनबाट सीमित सङ्ख्यामा यात्रु वारपार गराउन सकिने अवस्थामा झोलुङ्गे पुल निर्माण भएपछि आवतजावतमा सहजता आएको उहाँको भनाइ छ । पुल निर्माणका लागि रु तीन करोड १८ लाख लागत अनुमान गरिएको थियो । हालसम्म रु एक करोड ६८ लाख खर्च भएको र थप रु १० लाख बराबरको काम गर्न बाँकी रहेको निर्माण पक्षले जनाएको छ । पुल निर्माणका लागि नेपाल निर्माण व्यवसायी महासङ्घले रु एक करोड ५० लाख उपलब्ध गराउने प्रतिबद्धता जनाएको महासङ्घका अध्यक्ष निकोलस पाण्डेले जानकारी दिनुभयो । उक्त रकम निर्माण व्यवसायी कोषमार्फत सुनिश्चित गरिएको र अपुग रकम नुवाकोट निर्माण व्यवसायी सङ्घले व्यहोर्ने उल्लेख छ ।

पुल सञ्चालनमा आएपछि विदुर नगरपालिका-१ को ढुङ्गेबाट बाढीले प्रत्यक्ष रुपमा प्रभावित बनाएको त्रिशूली बजार हुँदै विदुर नगरपालिका-७, ८, ९ र १२ का बस्तीमा पुग्न सहज भएको छ ।

दसैं बिदामा पनि चितवन मेडिकल कलेजको विशेषज्ञ सेवा सञ्चालन हुने

❑ *प्रत्यूष समाचारदाता*

नारायणगढ । चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पताल ले दसैं बिदामा पनि विशेषज्ञ चिकित्सकसहितको उपचार सेवा सञ्चालन गर्ने भएको छ ।

अस्पतालले कात्तिक २ गते (आज) देखि ५ गतेसम्म चार दिन आकस्मिक कक्षबाट सबै प्रकारका सेवा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

अस्पतालका निर्देशक प्रा डा गोपेन्द्र देवले बडादसैंको विशेष दिनका रुपमा लिइने अष्टमीदेखि एकादशीसम्मका चार दिन पनि बिरामीले सेवा पाउन सकुन् भनी सेवा सञ्चालन गर्न लागेको जानकारी दिनुभयो । उहाँका अनुसार उक्त अवधिमा रेडियोलोजी, प्रयोगशाला तथा अन्तरङ्ग सेवा पनि नियमित सञ्चालन हुनेछन् । डा देवले भन्नुभयो, "दसैंका समयमा पनि चितवन मेडिकल कलेजले आफ्नो सेवालाई निरन्तरता दिनेछ । हामी सकेसम्म सबै स्वस्थ रहनुहोस् भन्ने चाहन्छौं । तर बिरामी हुनुभयो वा कुनै स्वास्थ्य समस्या देखियो भने अस्पताल आउनुहोला, सेवा दिन तयार छौं ।" चाडपर्वका समयमा हुनसक्ने दुर्घटनाका घाइते, हृदयाघात, खाना अपच तथा झाडापखालालगायतका समस्या बढी देखिन सक्ने भएकाले विशेषज्ञ चिकित्सकसहित आकस्मिक कक्षबाटै उपचार सेवा दिने व्यवस्था गरिएको उहाँले स्पष्ट गर्नुभयो । अस्पतालका प्रमुख कार्यकारी अधिकृत प्रताप देवकोटा ले दसैं बिदाका समयमा अस्पताल बन्द हुने आशङ्काले बिरामी अन्योलमा पर्नसक्ने भएकाले सेवा



सञ्चालनबारे जानकारी गराउनु आवश्यक रहेको बताउनुभयो । अन्य कतिपय अस्पतालमा नियमित सेवा बन्द वा सीमित हुने भएकाले बिरामीलाई असहज नहोस् भन्ने उद्देश्यले आकस्मिक कक्षलाई थप चुस्त बनाइएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो , "आकस्मिक कक्षमा थप डेस्क राखेर ओपिडी सेवा लिनुपर्ने बिरामीलाई पनि सेवा दिने गरी तयारी गरेका छौं ।"

अस्पतालले पुराना रोग भएका बिरामीलाई नियमित परामर्श आवश्यक पर्नसक्ने र आकस्मिक स्वास्थ्य समस्या जुनसुकै समयमा पनि उत्पन्न हुनसक्ने भएकाले अस्पतालले सेवा सञ्चालनलाई प्राथमिकता दिएको उहाँको भनाइ छ ।

मानमानेश्वरी भवानीको पायो जात्रा सुरु

ललितपुर । लिच्छविकालीन समयदेखि शक्तिपीठ र राजकीय देवीका रूपमा पूजाआजासहित मनाउँदै आएको पायो (खड्ग) जात्रा यहाँ सुरु भएको छ ।

लिच्छविकालीन समयदेखि हरेक वर्ष दसैंको फूलपातीको दिन पाटनमा रहेको मानमानेश्वरी भवानीलाई आगमघरबाट मूल चोकमा राखेपछि सुरु हुने यो जात्रा विभिन्न धार्मिक विधि र परम्पराका साथ त्रयोदशीसम्म मनाइन्छ ।

आइतबार मात्रै जात्रा व्यवस्थापन समितिका अध्यक्ष साम्राज्यदेव श्रेष्ठले गौरवशाली इतिहास, मौलिक संस्कृति र जीवन्त परम्पराको प्रतीकका रुपमा रहेको पायो जात्रालाई पाटनवासीले ऐतिहासिक तथा सांस्कृतिक विरासतका रुपमा लिइने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मानमानेश्वरी भवानीलाई जात्राको मुख्य आकर्षण भनेको स्थानीय देवगण अर्थात् गुठियारले हातहातमा खड्ग (तरबार) बोकेर परम्परागत पहिरन र मुकुण्डो लगाएर बाजागाजाका साथ सहर तथा बस्ती परिक्रमा गर्नु हो । खड्ग जात्रा ललितपुरको पाटन दरबार क्षेत्रसँग सम्बन्धित लिच्छवी, मल्ल र शाहकालीन संस्कृति बोकेको सबैभन्दा पुरानो परम्परागत जात्रा हो, यसको विशेष महत्व छ ।"



यसै सन्दर्भमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले हाम्रा जीवन्त संस्कृति, धार्मिक आस्था र अमूल्य सम्पदाको गौरवलाई उजागर गर्ने ऐतिहासिक परम्पराका रुपमा रहेको अमुर्त सम्पदाका रुपमा रहेका मल्लकालीन, लिच्छविकालीन जात्रा, पर्व सञ्चालन र संरक्षणमा महानगरसँगै रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो केबल एउटा जात्रा मात्र होइन, हाम्रो पहिचान हो । हाम्रा पुर्खाको विरासत हो । यो हामीले हाम्रो भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्ने अमूल्य सांस्कृतिक सम्पत्ति हो, यिनको संरक्षण र सञ्चालनमा कमी हुन दिँदैनौं ।"

सम्पादकीय ....

विजयादशमीमा शान्ति कायम गर्न सबैको भूमिका उत्तिकै

विजयादशमी नेपालीहरूको महान् तथा महत्वपूर्ण सांस्कृतिक पर्व हो । असत्यमाथि सत्यको र अन्यायमाथि न्यायको विजय भएको प्रतीकका रूपमा यो पर्व मनाइन्छ । यस पर्वले हामीलाई आपसी प्रेम, सद्भाव, सहिष्णुता र एकताको सन्देश दिन्छ । दसैँको समयमा मानिसहरू आफ्नो घरपरिवार तथा आफन्तसँग भेटघाट गर्ने, टीका र जमरा लगाउने, आशीर्वाद लिने तथा खुसी साटासाट गर्ने गर्छन् । चाडपर्वका समयमा मदिरा सेवन, झैझगडा, जुवातास, चोरी, दुर्घटना तथा सामाजिक विकृतिका कारण शान्ति र सुरक्षामा चुनौती उत्पन्न हुन सक्छ । त्यसैले विजयादशमीलाई शान्तिपूर्ण, मर्यादित र सुरक्षित बनाउन सबै पक्षको महत्वपूर्ण भूमिका हुन्छ ।

चाडपर्वमा शान्ति सुरक्षा कायम गर्ने प्रमुख जिम्मेवारी सरकार तथा प्रशासनको हुन्छ । सरकारले आवश्यक सुरक्षा योजना बनाई प्रहरी परिचालन गर्नुपर्छ । सार्वजनिक स्थान, बजार, मन्दिर, यातायातका साधन तथा मानिसहरूको बढी भीडभाड हुने क्षेत्रमा सुरक्षा व्यवस्था मजबुत बनाउनुपर्छ । चोरी, लुटपाट, हिंसा तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रण गर्न प्रशासन सचेत रहनुपर्छ । नागरिकलाई सहज रूपमा पर्व मनाउने वातावरण सिर्जना गर्नु पनि सरकारको दायित्व हो ।

विजयादशमीका समयमा नेपाल प्रहरी, ट्राफिक प्रहरी तथा अन्य सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुन्छ । प्रहरीले नियमित गस्ती गर्ने, शंकास्पद गतिविधिमाथि निगरानी राख्ने र समस्यामा परेका नागरिकलाई सहयोग गर्नुपर्छ । ट्राफिक प्रहरीले सवारी दुर्घटना रोक्न, मादक पदार्थ सेवन गरी सवारी चलाउने कार्य नियन्त्रण गर्न तथा यात्रुलाई सुरक्षित यात्रा गराउन ध्यान दिनुपर्छ ।

शान्ति कायम गर्नु सरकार र प्रहरीको मात्र जिम्मेवारी होइन, प्रत्येक नागरिकको पनि कर्तव्य हो । नागरिकले एकअर्काको धर्म, संस्कृति, विचार र भावनाको सम्मान गर्नुपर्छ । मदिरा सेवन गरी झैझगडा गर्ने, जुवातास खेल्ने, होहल्ला गर्ने तथा अरूलाई दुःख दिने कामबाट टाढा रहनुपर्छ । अभिभावकले बालबालिकालाई सुरक्षित राख्ने, पटाका तथा अन्य जोखिमपूर्ण गतिविधिबाट बचाउने र परिवारका सदस्यलाई जिम्मेवार व्यवहार गर्न प्रेरित गर्नुपर्छ ।

स्थानीय तहले शान्ति सुरक्षा, सरसफाइ, जनचेतना र विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्छ । सञ्चारमाध्यमले सही सूचना प्रवाह गर्दै अफवाह फैलिनबाट रोक्नुपर्छ । सामाजिक सञ्जालमा अपुष्ट समाचार तथा उत्तेजक सामग्री फैलाउनु हुँदैन । युवाहरूले स्वयंसेवकका रूपमा सहयोग गर्ने, झैझगडा हुन नदिने र समाजमा आपसी सद्भाव कायम गर्न सकारात्मक भूमिका निर्वाह गर्न सक्छन् । विजयादशमी केवल टीका र जमरा लगाउने पर्व मात्र नभई सत्य, न्याय, प्रेम र सद्भावको सन्देश दिने महान् पर्व हो । यस पर्वमा शान्ति कायम गर्न सरकार, प्रशासन, सुरक्षा निकाय, स्थानीय तह, सञ्चारमाध्यम, युवा, अभिभावक र आम नागरिक सबै जिम्मेवार हुनुपर्छ । सबैले आफ्नो कर्तव्य इमानदारीपूर्वक पूरा गरेमा दसैँलाई हिंसा, दुर्घटना र विकृतिरहित बनाउन सकिन्छ । "शान्तिपूर्ण दसैँ, सुरक्षित समाज र समृद्ध राष्ट्र" भन्ने भावनालाई आत्मसात् गर्दै हामी सबैले विजयादशमी मनाऔँ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

माइती-मावलीको सम्बन्ध प्रगाढ बनाउने दसैँको फेरिँदो शैली



प्रकाश सिलवाल

दसैँ नेपाली समाजमा धार्मिक आस्था र सांस्कृतिक परम्पराको निरन्तरतासँगै पारिवारिक सम्बन्ध नवीकरण गर्ने विशिष्ट पर्व हो । मान्यजनबाट टीका र जमरासहित आशीर्वाद ग्रहण गर्ने, आफन्तसँग भेटघाट गर्ने, मीठा परिकार खाने र सुखदुःख साटासाट गर्ने चलनले यसपर्वलाई पूजा-आजामा मात्र सीमित राखेको छैन ।

विशेषगरी माइती र मावलीबीचको सम्बन्ध प्रगाढ बनाउने, टाढिएका आफन्तलाई नजिक ल्याउने र नयाँ पुस्तालाई पारिवारिक संस्कारसँग जोड्ने माध्यमका रूपमा दसैँको विशेष महत्व छ ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक नेपालमा दसैँ विभिन्न समुदायले आ-आफ्नै परम्परा र शैलीमा मनाउँछन् । असत्यमाथि सत्यको विजय, अन्यायमाथि न्यायको स्थापना र शक्तिको आराधनासँग जोडिएको यो पर्वले आपसी सद्भाव, सम्मान र सामाजिक एकताको सन्देशसमेत दिन्छ । समय क्रममा सहरीकरण, बसाइँसराइ, वैदेशिक रोजगारी र प्रविधिको विस्तारले दसैँ मनाउने शैलीमा परिवर्तन ल्याए पनि पारिवारिक आत्मीयता र सम्बन्धको महत्व भने उत्तिकै छ ।

धार्मिक मान्यताअनुसार देवी दुर्गाले महिषासुरमाथि विजय प्राप्त गरेको तथा भगवान् रामले रावणमाथि विजय हासिल गरेको प्रसङ्गसँग दसैँ जोडिएको छ । घटस्थापनाबाट सुरु हुने नवरात्रका धार्मिक अनुष्ठान र विजयादशमीमा टीका तथा जमरा ग्रहण गर्ने परम्पराले यसको धार्मिक र सांस्कृतिक महत्त्वलाई उजागर गर्छ । घटस्थापनाका दिन जौलगायत अन्नका बीउ छरेर जमरा उमार्ने चलनले कृषि जीवन, प्रकृति र उर्वरतासँगको सम्बन्धलाई पनि अभिव्यक्त गर्छ ।

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका पूर्वप्रमुख डा सोमप्रसाद खतिवडा दसैँ नेपाली समाजको पहिचानसँग जोडिएको राष्ट्रिय पर्व भएको बताउनुहुन्छ । उहाँका अनुसार चाडपर्वका आफ्नै सांस्कृतिक र वैज्ञानिक पक्ष हुन्छन् । समयसँगै मनोरञ्जनका साधन र मनाउने शैली फेरिए पनि परम्पराले समाजलाई जोड्ने काम गरिरहेको छ ।

"नेपाली भनेर चिन्ने आधारमध्ये चाडबाड पनि हो । दसैँ नेपालीको पहिचानसँग जोडिएको छ । राज्यका तर्फबाट यसपर्वमा ठूलो लगानी हुन्छ । शक्तिपीठमा पूजा तथा बलि दिने र गुठीबाट अनुदान प्रदान गर्ने परम्परा पनि यससँग सम्बन्धित छन्", उहाँ भन्नुहुन्छ, "नेपाली समाजमा बडा दसैँको विशेष महत्व छ । विगतमा विशेष महत्व थियो । अहिले मनोरञ्जनका माध्यम र साधन थपिए । मनाउने वर्ग छ । नमनाउने वर्गले पनि यो वा त्यो रुपमा मनाएको छ", डा खतिवडा भन्नुहुन्छ, "चाडपर्व चली आएका हाम्रा परम्परा हुन् । नेपाली भनेर जान्ने नै चाडबाड हो । दसैँ भनेपछि नेपालीको पहिचान भयो । राज्यकोतर्फबाट ठूलो लगानी छ । शक्तिपीठमा बलि दिने चलन नै छ । गुठीले अनुदान दिन्छ । अझ यसपर्वको सांस्कृतिक पक्षमा कृषि जीवनको प्रभाव पनि देखिन्छ ।"

दसैँको अर्को महत्वपूर्ण पक्ष कृषि संस्कृतिसँग यसको सम्बन्ध हो । परम्परागत नेपाली समाजमा खेतीपातीको काम सकेपछि चाडपर्व मनाउने चलन थियो । अन्न उत्पादन, सामूहिक श्रम र प्रकृतिप्रतिको निर्भरताले मानिसको जीवनशैली निर्धारण गर्ने समयमा दसैँले परिवार र समुदायलाई एकैठाउँमा ल्याउँथ्यो । अहिले कृषि जीवनको स्वरूप फेरिए पनि जमरा राख्ने र विजयादशमीमा त्यसलाई प्रसादका रूपमा ग्रहण गर्ने परम्पराले पुरानो सांस्कृतिक स्मृतिलाई निरन्तरता दिएको छ ।

भाषाविद् तथा साहित्यकार डा बलदेव अधिकारीका अनुसार दसैँले विशेषगरी माइती, मावली र अन्य नातेदारबीचको सम्बन्धलाई जीवन्त राख्ने काम गर्छ । विगतमा रोजगारीका लागि लाहुर गएकाहरू पनि दसैँ मनाउन घर फर्कने गरेको स्मरण गर्दै उहाँले विभिन्न समुदायमा टीका लगाउने चलन र आशीर्वाद दिने परम्परा फरक भए पनि पारिवारिक सम्बन्धको महत्व समान रहेको बताउनुभयो ।

"दसैँ सबै जातिको पर्व हो । यसले माइती र मावलीको सम्बन्धलाई प्रगाढ बनाउँछ । पहिले लामो समय तयारी गरेर सरसामान जुटाई दसैँ मनाइन्थ्यो । आफन्तकहाँ जाने, टीका लगाउने र आशीर्वाद लिने चलनले कुटुम्ब सम्बन्धलाई निरन्तरता दिन्थ्यो", उहाँले भन्नुभयो । उहाँका अनुसार पहिले बरखी बार्ने परिवारका सदस्यबाहेक अन्य छोराछोरीसमेत मामाघर गएर टीका लगाउने गर्थे । अहिले भने नातागोतामा जुठो वा सुतक परेका विषयलाई लिएर कतिपयले चाडपर्व मनाउनै छाड्ने गरेको तथा आर्थिक क्षमता हुँदाहुँदै पनि आफन्तकहाँ जाने र टीका लगाउने परम्परालाई झन्झट मान्ने प्रवृत्ति देखिएको छ । दक्षिणा र खर्चको प्रतिस्पर्धाले चाडपर्वको आत्मीय पक्ष कमजोर हुनसक्ने उहाँको चिन्ता छ ।

"पहिले दसैँका लागि लामो समयदेखि तयारी गरिन्थ्यो । अहिले पैसा भए रोजै मासु खाने र दक्षिणामा प्रतिस्पर्धा गर्ने प्रवृत्ति बढेको छ । दसैँको वास्तविक महत्त्व खर्च र प्रदर्शनमा होइन, सम्बन्ध र परम्परामा छ", उहाँले भन्नुभयो । डा अधिकारीका विचारमा सहरी करण र बसाइँसराइका कारण परिवारका सदस्य विभिन्न स्थानमा छरिनु, कोही विदेशमा रहनु र कोही गाउँमै बस्नुले पारिवारिक भेटघाट को स्वरूप बदलिएको छ । दसैँको ऐतिहासिक तथा सांस्कृतिक महत्व नयाँ पुस्तालाई बुझाउन शिक्षा प्रणालीमा यस विषयलाई समेट्नुपर्ने उहाँको सुझाव छ । परम्परागत नेपाली समाजमा दसैँ सामूहिक सहभागिताको पर्व पनि थियो । गाउँघरमा पिङ हाल्ने, छरछिमेकसँग भेटघाट गर्ने, सामूहिक मनोरञ्जन गर्ने र स्थानीय मेलामा सहभागी हुने अभ्यासले सामाजिक सम्बन्ध लाई बलियो बनाउँथ्यो । परिवारका ज्येष्ठ सदस्यको सम्मान, बाल बालिका प्रतिको स्नेह र आफन्तबीच सहयोग आदानप्रदान गर्ने परम्पराले समुदायमा अपनत्वको भावना विकास गर्थ्यो । तर अहिले संयुक्त परिवारको स्थानमा एकल परिवारको विस्तार, रोजगारी तथा अध्ययनका लागि विदेश जाने प्रवृत्ति र सीमित बिदाका कारण दसैँ मनाउने समय र तरिका बदलिएको छ । पहिले लामो समय आफन्तसँग बसेर मनाइने पर्व अहिले कतिपय परिवारमा छोटो भेटघाटमा सीमित हुन थालेको छ । यद्यपि, विदेशमा रहेका आफन्तसँग भिडियो कलमार्फत सम्पर्क गर्ने र सामाजिक सञ्जालबाट शुभकामना आदान-प्रदान गर्ने चलनले भौगोलिक दूरीका बाबजुद सम्बन्ध कायम राख्न सहयोग पुऱ्याएको छ ।

राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालका महासचिव डा कृष्ण सुवेदी (भारद्वाज मित्र) संस्कृतिका सकारात्मक पक्षलाई संरक्षण गर्दै समय अनुकूल सुधार गर्नु आवश्यक रहेको बताउनुहुन्छ । उहाँका अनुसार चाडपर्वलाई अनावश्यक खर्च, ऋणको बोझ र देखावटी प्रतिस्पर्धाको माध्यम बनाउनुको सट्टा आत्मीयता, सहयोग र सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने अवसरका रूपमा विकास गर्नुपर्छ । प्रगतिशील लेखक सङ्घका कोषाध्यक्षसमेत रहनुभएका डा सुवेदी सांस्कृतिक विविधतालाई विभाजनको आधार नभई आपसी सम्मान र साझा समृद्धिको स्रोतका रूपमा लिनुपर्ने धारणा राख्नुहुन्छ । संस्कृतिका नाममा हुने विभेद र अमानवीय अभ्यास हटाउँदै समानता, सहअस्तित्व, स्वतन्त्रता र सामाजिक न्यायका मूल्यलाई बलियो बनाउनुपर्ने उहाँको जोड छ । दसैँको स्वरूपमा उपभोक्तावादी जीवनशैलीको प्रभाव पनि देखिएको छ । नयाँ लुगा, मीठा परिकार र उपहार आदानप्रदान परम्परागत रूपमा चाडपर्वका हिस्सा भए पनि महँगो किनमेल र अरूको देखासिकी ले कतिपय परिवारमा आर्थिक दबाब सिर्जना गरेको छ । चाडपर्वको खुसी खर्चको आकारमा नभई सम्बन्धको न्यानोपन, सहयोग र पारिवारिक सन्तुष्टिमा निर्भर हुन्छ भन्ने चेतना आवश्यक छ । पशुबलि, जुवातास, मदिराको अत्यधिक प्रयोग र अनावश्यक खर्चजस्ता विषयमा समाजमा विभिन्न बहस हुने गरेका छन् । धार्मिक आस्था र सांस्कृतिक परम्पराको सम्मान गर्दै जिम्मेवार व्यवहार अपनाउनु तथा चाडपर्व लाई सामाजिक हितसँग जोड्नु आवश्यक छ । घरको सरसफाइ, परिकार तयारी र पाहुनाको सत्कारमा महिलामाथि मात्रै बढी जिम्मेवारी पर्ने अवस्थालाई पनि परिवर्तन गर्नुपर्छ । परिवारका सबै सदस्यको सहभागिता र घरायसी कामको न्यायोचित बाँडफाँटले पर्वलाई अझ समावेशी र उल्लास मय बनाउन सक्छ ।


दसैँको सांस्कृतिक महत्व जोगाउन यसको अर्थ र परम्पराबारे नयाँ पुस्तालाई जानकारी गराउनु आवश्यक छ । टीका र जमराको महत्त्व, देवी आराधनाको परम्परा, मान्यजनको सम्मान र माइती-मावलीसँगको सम्बन्धको मूल्यबारे परिवारमै संवाद गर्न सकिन्छ । स्थानीय कला, लोकगीत, मौलिक परिकार, पिङ र सामुदायिक भेटघाटलाई निरन्तरता दिँदा सांस्कृतिक मौलिकता संरक्षण गर्न सहयोग पुग्छ ।

दसैँले सिकाउने आत्मीयता, पारिवारिक एकता, आपसी सम्मान र सहयोगका मूल्य कुनै एउटा समुदायमा मात्र सीमित छैनन् । आर्थिक रूपमा कमजोर परिवार, ज्येष्ठ नागरिक र एक्लो जीवन बिताइरहेका व्यक्तिलाई सहयोग गर्ने अभ्यासले पर्वको सामाजिक महत्त्वलाई अझ गहिरो बनाउन सक्छ ।

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

वेष्ट इण्डिजका चर्चित क्रिकेटर र सेलले विराटनगरबाट एनपिएल खेल्ने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । वेष्ट इण्डिजका चर्चित क्रिकेट खेलाडी आन्द्रे रसेलले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण विराटनगर किङ्सबाट खेल्ने भएका छन् ।

विराटनगरले रसेललाई टोलीमा अनुबन्ध गरेको सामाजिक सञ्जालमार्फत आइतबार जानकारी गराएको छ । “समर्थकले तपाईंको माग गरे । हामीले पूरा गर्यौं । विराटनगर किङ्समा स्वागत छ”, विराटनगरको टोलीले आफ्नो सामाजिक सञ्जालमा लेखेको छ ।

सन् १९८८ अप्रिल २९ मा जमैकामा जन्मिएका रसेलले वेष्ट इण्डिजका लागि एउटा टेष्ट, ५६ एकदिवसीय अन्तरराष्ट्रिय र ८६ टी-२० अन्तरराष्ट्रिय खेल खेलेका छन् । उनले एकदिवसीय अन्तराष्ट्रियमा एक हजार ३४ रन बनाउनुका साथै ७० विकेट लिएका छन् । टी-२० अन्तरराष्ट्रियमा उनले एक हजार १२२ रन बनाउनुका साथै ६१ विकेट लिएका छन् । अन्तरराष्ट्रिय क्रिकेटसँगै रसेलले विश्वका विभिन्न व्यावसायिक फ्रेन्चाइज लिगमा पनि प्रभावशाली प्रदर्शन गरेका छन् । इण्डियन प्रिमियर लिग (आइपिएल)मा उनले दिल्ली डेयरडेभिल्स र कोलकाता नाइट राइडर्सबाट खेलेका छन् । आइपिएलमा उनको नाममा दुई हजार ६५१ रन र १२३ विकेट छन् । उनले सन् २०१४ र २०२४ मा कोलकाताबाट आइपिएलको उपाधि जितेका थिए । रसेलले क्यारेबियन प्रिमियर लिग (सिपिएल), पाकिस्तान सुपर लिग (पिएसएल), बङ्गलादेश प्रिमियर लिग (बिपिएल), बिग बास लिग (बिबिएल), इन्टरनेसनल लिग टी-२० र मेजर लिग क्रिकेटलगायत प्रतियोगिता पनि खेलिसकेका छन् ।

रसेल सन् २०१२ र २०१६ मा टी-२० विश्वकप जित्ने वेष्ट इन्डिज टोलीका सदस्यसमेत थिए । उनी अब एनपिएलमा पनि आफ्नो छाप छोड्न चाहन्छन् ।

बेनी-दरबाङको फापरखेत पहिरोको वैकल्पिक सडक सञ्चालन



म्याग्दी । सुक्खा पहिरोले अवरुद्ध बनेको म्याग्दीको पश्चिमी भेगका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी-दरबाङ सडकको फापरखेत खण्डमा वैकल्पिक मार्ग प्रयोग गरी सडक सञ्चालन भएको छ ।

बेनी-नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमाना मा रहेको फापरखेतमा शनिबार अपराह्नदेखि सुरु भएको पहिरो नरोकिएपछि मङ्गला गाउँपालिकाले पखेर-बरञ्जा-ज्यामिरे-सातबिसे-बाबियाचौरको सडक प्रयोग गरी यातायात सञ्चालन गरिएको हो ।

मङ्गला गाउँपालिका-३ का वडा सदस्य हरि गिरीले वर्षायाममा अवरुद्ध बनेको बरञ्जा-सातबिसे-बाबियाचौर खण्डको सडक मर्मत गरी आइतबार दिउँसोदेखि मिनिबस, जीप, मोटरसाइकल, स्कुटर, ट्याक्सी र ट्र्याक्टर चलाउन मिल्ने बनाइएको जानकारी दिनुभयो ।

“निरन्तर खसिरहेको पहिरो नरोकिँदासम्म मर्मत गर्न नसकिने भएकाले दसैँको समयमा जन्मथलो जाने नागरिकलाई राहत दिने उद्देश्यले गाउँपालिकाले वैकल्पिक सडक सञ्चालन गरेको हो”, उहाँले भन्नुभयो ।

बेनी-दरबाङ सडकलाई, म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरी गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने ‘लाइफलाइन’ मानिन्छ ।

यसैबीच फापरखेतमा पहिरो निरन्तर झरेकाले पन्छाउने काम सुरु गर्न नसकिएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो । पहिरो र वैकल्पिक सडकको गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली, जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्री, प्रमुख जिल्ला अधिकारी गैरेले स्थलगत निरिक्षण गरी यातायात सञ्चालन र सडक मर्मतका लागि सहजीकरण समेत गर्नुभएको थियो ।

विसं २०५८ मा सो सडकमार्ग सञ्चालनमा आएदेखि नै पहिरोले दुःख दिने गरेको जानकारी दिँदै सदस्य गिरीले यसअघिभन्दा फरक स्थानमा पहिरोको समस्या देखिएकाले बाध्य भई वैकल्पिक मार्ग खोल्न परेको बताउनुभयो ।

शारदीय नवरात्रः आठौँ देवी महागौरीको विधिपूर्वक गरियो पूजा आराधना

काठमाडौँ । शारदीय नवरात्रको आठौँ दिन दसैँघर वा पूजाकोठामा नौ दुर्गामध्येकी आठौँ महागौरी देवीको विधिपूर्वक पूजा आराधना गरिएको छ ।

प्रत्येक वर्ष आश्विन शुक्ल अष्टमी अर्थात् दुर्गा पक्षको आठौँ दिन महागौरी देवीको विधिपूर्वक पूजा आराधना गर्ने वैदिक सनातनी परम्परा छ । नवरात्रको पहिलो दिन असोज २५ गते आइतबार शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो ।

नवरात्रको दोस्रो दिन सोमबार ब्रह्मचारिणी, तेस्रो दिन मङ्गलबार चन्द्रघण्टा, चौँथो दिन बुधबार कुष्माण्डा, पाँचौँ दिन बिहीबार स्कन्दमाता, छैटौँ दिन शुक्रबार कात्यायनी, सातौँ दिन शनिबार कालरात्रि र आठौँ दिन आज महागौरीको पूजा आराधना गरिएको हो । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवी भागवत्लगायत देवी स्तोत्र पाठ समेत गरिन्छ । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् ।

नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसवर्ष विजयादशमीको साइत कात्तिक ४ गते बुधबार बिहान १०:२६ बजे उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । विजया दशमीदेखि कोजाग्रत पूर्णिमा सम्म मान्यजनबाट टीका थाप्न कुनै समस्या नरहेको समितिका अध्यक्ष डा पुरुषोत्तम भट्टराईले बताउनुभयो । दुर्गा देवीका आराधना एवं प्रसाद ग्रहण गरी नेपालीले १५ दिनसम्म बडादसैँ पर्व मनाउँछन् ।

मर्भुङकोट पुर्खाको विरासत र आस्थाको धरोहरः महानिरीक्षक कार्की



गुल्मी । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले मर्भुङकोट मन्दिर पुर्खाको पौरख, गौरव र नयाँ पुस्ताका लागि प्रेरणाको जीवन्त पाठशाला भएको बताउनुभयो ।

करिब ५०० वर्ष पुरानो धार्मिक तथा ऐतिहासिक महत्व बोकेको गुल्मीको मालिका गाउँपालिका-८ स्थित ऐतिहासिक मर्भुङकोट मन्दिरको आइतबार उद्घाटन गर्दै उहाँले धार्मिक आस्था र सांस्कृतिक सम्पदाको संरक्षणसँगै समाजमा सामाजिक सद्भाव कायम गर्नुपर्ने बताउनुभयो ।

महानिरीक्षक कार्कीले धार्मिक पर्यटनको सम्भावना बोकेको मर्भुङकोट क्षेत्रको विकासका लागि सडक पहुँच, खानेपानी, शौचालय र विश्राम स्थललगायत आधारभूत पूर्वाधार निर्माणमा स्थानीय, प्रदेश र सङ्घीय सरकार तथा सरोकारवाला निकायबीच समन्वय हुन आवश्यक छ भन्नुभयो ।

सो अवसरमा देवीको पूजा गर्ने तर घरपरिवार र समाजमा महिलामाथि अन्याय एवं शोषण गर्ने प्रवृत्ति विरोधाभासपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो । “समाजबाट घरेलु हिंसा, बोक्सीको आरोप, छाउपडी, दाइजो र बालविवाहजस्ता कुप्रथाको अन्त्यगरी महिलाको सम्मान सुनिश्चित गर्नसके मात्र विजया दशमीको सन्देश सार्थक हुन्छ”, महानिरीक्षक कार्कीले भन्नुभयो । उहाँले विजयादशमी असत्यमाथि सत्यको विजयको प्रतीक मात्र नभई समाजमा विद्यमान विकृति र कुरीतिविरुद्ध सङ्कल्प गर्ने अवसर भएको बताउनुभयो । स्थानीय जनसहभागिताको सहयोगमा उक्त मन्दिरको पुनर्निर्माण गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हिमालय केसीले बताउनुभयो ।

मालिका गाउँपालिकाका उपाध्यक्ष उपेन्द्र अर्यालका अनुसार मन्दिर पुनर्निर्माणमा कुल ६० लाख रुपैयाँ खर्च भएको छ । निर्माणका लागि ३२४ जना दाताबाट न्यूनतम १०० देखि अधिकतम तीन लाख ३१ हजार १११ रुपैयाँसम्म सहयोग सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा मन्दिर निर्माणमा उल्लेखनीय योगदान पुर्याउने चन्दादाता तथा निर्माण समितिका पदाधिकारीलाई सम्मान गरिएको थियो । मर्भुङकोट मन्दिर साविकका मर्भुङ, सिर्सेनी, अर्खाबाङ र हवाङ्दी गाउँको साझा ऐतिहासिक तथा धार्मिक आस्थाको केन्द्रका रूपमा स्थापना भएको मानिन्छ ।

आँबुखैरेनीमा सडक, खानेपानी र भवन निर्माणलाई प्राथमिकता

दमौली (तनहुँ) । आँबुखैरेनी गाउँपालिकाले सडक, खानेपानी, सडक किनारमा वर्षाको पानी निकासको व्यवस्था तथा भवन निर्माणलाई प्राथमिकता दिँदै पूर्वाधार विकासका काम अघि बढाएको छ । गाउँपालिकाले गत आर्थिक वर्षदेखि सडक ढलान, कालोपत्र, नयाँ सडकको ट्याक निर्माण तथा खानेपानी पाइपलाइन विस्तारलगायत कामलाई पहिलो प्राथमिकतामा राखेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकासचन्द्र शर्माका अनुसार उक्त अवधिमा चार हजार ९१८ मिटर सडक ढलान, एक हजार २६४ मिटर सडक कालोपत्र र ८८१ मिटर नाली निर्माण भएको छ । यसैगरी तीन हजार ५५४ मिटर नयाँ सडकको ट्र्याक खोलिएको छ ।

खानेपानीतर्फ आठ हजार ५०० मिटर नयाँ पाइपलाइन विस्तार गर्नुका साथै चारवटा सार्वजनिक धारा निर्माण गरिएको शर्माले जानकारी दिनुभयो । गाउँपालिकाले एक हजार ६०० मिटर सडक मर्मत तथा सम्भार गरेको छ । सेवा प्रवाहका लागि आवश्यक भौतिक संरचना निर्माण तथा मर्मतलाई पनि गाउँपालिकाले प्राथमिकता दिएको छ । यस अवधिमा दुईवटा नयाँ भवन निर्माण र सातवटा भवन मर्मत गरिएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो ।

पाँच ठूला आयोजना प्राथमिकतामा

गाउँपालिकाले ग्रामीण बस्तीलाई मुख्य सडक सञ्जालसँग जोड्ने उद्देश्यले पाँचवटा ठूला पूर्वाधार आयोजनालाई प्राथमिकता दिएको छ । लाब्दी बुद्धसिंह राजमार्ग जोड्ने सडक आयोजनाअन्तर्गत एक हजार ८०८ मिटर सडक निर्माण गरिएको छ ।

खानीखोला- रिङरोड आयोजना अन्तर्गत एक हजार ३३६ मिटर सडक पनि बनेको छ । यसैगरी लाब्दी-छिम्केश्वरी सडक स्तरोन्नति आयोजनाअन्तर्गत १५८ मिटर, कुसुमबारी-पौवा खोलागाउँ सडक ढलान आयोजना को ५६० मिटर र भुजेलगाउँ पूर्वाधार निर्माण योजनाको ४१४ मिटर सडक निर्माण भएको छ ।

दसैँका सामान भित्र्याउन तीन दिनका लागि खुल्यो तातोपानी नाका



सिन्धुपाल्चोक । दसैँका सामान भित्र्याउन तातोपानी नाका आइतबार देखि अस्थायी रूपमा सञ्चालनमा आएको छ । नाका खुलेसँगै चीनका स्वशासित क्षेत्र सिचाङबाट बिहानैदेखि मालवाहक सवारीसाधन नेपाल प्रवेश गरेका छन् । तातोपानी भन्सार कार्यालय का प्रमुख दीपेन्द्रप्रकाश गिरीका अनुसार चाडपर्वका सामान तथा अन्य अत्यावश्यक सामग्रीको आपूर्ति नेपालमा सहज बनाउने उद्देश्यले चिनियाँ पक्षले तीन दिनका लागि नाका खोलेको हो ।

सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका अध्यक्ष बुद्धराज बस्नेतले लिपिङ र कोदारी क्षेत्रमा कन्टेनरको लाम लागेको सिचाङको न्यालममा ४५ भन्दा बढी कन्टेनर नेपाल प्रवेशको प्रतीक्षामा रहेका बताउनुभयो । चीनले गत भदौ १५ देखि अर्को सूचना नभएसम्मका लागि तातोपानी नाका पूर्ण रूपमा बन्द गरेको हो ।

कालीगण्डकी बाढी : विद्युत प्रशारण लाइनको अस्थायी टावर निर्माण

म्याग्दी । कालीगण्डकी बाढी र कटानका कारण क्षतिग्रस्त बनेको २२० केभी क्षमताको कालीगण्डकी कोरिडोर को दाना-खुर्कोट प्रसारणलाइन मर्मत गरिएको छ ।

कालीगण्डकी बाढी र कटानका कारण विपद्का समयमा आकस्मिक रुपमा विद्युत आपूर्ति सहज बनाउन क्यानडाको प्रविधि उपयोग गरेर अस्थायी टावर निर्माण गरिएको हो ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवा र ६ धिरच्याङमा प्रसारण लाइनका तीनवटा टावरमा क्षति पुग्दा म्याग्दी र मुस्ताङका सातवटा जलविद्युत् आयोजनाबाट उत्पादित एक सय ७६ मेगावाट विद्युत् गत असोज ११ गतेदेखि राष्ट्रिय प्रसारण प्रणालीमा जोडिन सकेको थिएन् । नेपाल विद्युत प्राधिकरणको गण्डकी प्रदेश ग्रिड शाखा पोखराका प्रमुख रोशन खड्काले बाढीले ढलाएका तीन वटा टावरको विकल्पमा एक वटा अस्थायी टावर बनाई तार तान्ने काम सकिएपछि शनिबार राती साढे १० बजे लाइन चार्ज गरिएको जानकारी दिनुभयो ।

“नेपाल विद्युत प्राधिकरण र कालीगण्डकी वेसिनमा रहेका जलविद्युत आयोजनाका प्राविधिक जनशक्ति परिचालन गरेर बाढीले क्षति पुऱ्याएको २० दिनमै मर्मत गरेर विद्युतलाई राष्ट्रिय प्रणालीमा जोड्न सफल भएका हौ,” उहाँले भन्नुभयो “यस क्षेत्रका सबै आयोजनाले उत्पादन गरेको विद्युत खपत हुने वातावरण बनेको छ ।”

प्राधिकरणका सहायक निर्देशक सञ्जय लोहनीले क्षतिग्रस्त भएका तीनवटा टावरको विकल्पमा क्यानाडा प्रविधिको एकवटा अस्थायी टावर निर्माण गरेर विद्युत् आपूर्ति सुचारु गरिएको बताउनुभयो । बेनी-जोमसोम सडकको भिरकाटे खण्ड देखि पारी रहेको अन्नपूर्ण गाउँपालिका-१ दोबाको औलामा अस्थायी टावर निर्माण भएको छ ।

कालीगण्डकी वेसिनमा रहेका जलविद्युत आयोजनाहरु र महाशाखाका गरी २० जनाभन्दा बढी इन्जिनियर, त्यति नै संख्यामा प्राविधिक र ५० जना भन्दा बढी मजदुरहरु पछिल्लो १५ दिनयता परिचालन भएका थिए । अस्थायी टावर निर्माण गरेर विद्युत् आपूर्ति सुचारु गर्ने र क्षतिग्रस्त टावरको पुनर्निर्माणको प्रक्रिया पनि सँगसँगै अगाडी बढाउने नेपाल विद्युत प्राधिकरणले जनाएको छ ।

प्रसारणलाइनको टावरमा क्षति पुगेपछि दाना-खुर्कोट प्रसारणलाइनबाट केन्द्रीय प्रणालीमा विद्युत् आपूर्ती गराउँदै आएका अन्नपूर्ण गाउँपालिका वडा नं. -४ स्थित नारच्याङमा ५ मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको म्रिस्त्रीखोला, ३८ मेगावाट क्षमताको निलगिरी-१, ७१ मेगावाट क्षमताको निलगिरी-२, ६ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना र मुस्ताङको टुकुचेमा रहेको १४ मेगावाट क्षमताको थापाखोला जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन बन्द भएको थियो ।

घोडा दौड प्रतियोगितामा न्यौपाने प्रथम

जुम्ला । घोडा संरक्षण गर्ने उद्देश्यले आयोजित घोडा दौड प्रतियोगितामा छापेद्र न्यौपाने प्रथम हुनुभएको छ ।

स्थानीय चन्दननाथ नगर पालिकाको आयोजना तथा पशु अस्पताल तथा पशु सेवा कार्यालय को सह-आयोजना र कर्णाली कला तथा संस्कृति संरक्षण मञ्च जुम्लाको समन्वयमा घोडा दौड प्रतियोगिता भएको हो ।

यस वर्ष २४ प्रतिस्पर्धी रहेको सो प्रतियोगितामा दिलीप बोहोरा दास्रो र अर्जुन बस्नेत तेस्रो हुनुभएको कर्णाली कला तथा संस्कृति संरक्षण मञ्चका महासचिव आनन्द अधिकारीले जानकारी दिनुभयो । आयोजक चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायतले जुम्ली घोडाको संरक्षण र पहिचान स्थापित गर्न घोडा दौड प्रतियोगिता आयोजना गरेको बताउनुभयो ।

जुम्ली घोडाको संरक्षण, पहिचान र प्रचारप्रसार तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता लाई निरन्तरता दिएको नगरप्रमुख कठायतको भनाइ छ । घोडाको संरक्षण गर्नुका साथै पहिचान स्थापित गरी पर्यटन प्रवर्द्धनसँग जोड्ने उद्देश्यले घोडा दौड प्रतियोगिता यहाँको कला-संस्कृतिसँग जोडिएको पशु अस्पताल तथा पशुसेवा कार्यालय जुम्लाका प्रमुख ज्ञानेन्द्र बढ्थापाले बताउनुभयो ।

दौड प्रतियोगितामा प्रथम हुनेलाई रु १५ हजार, दोस्रोलाई रु १५ हजार र तेस्रोलाई रु १० हजार राशि पुरस्कार प्रदान गरिने कर्णाली कला तथा संस्कृति संरक्षण मञ्च जुम्लाले जनाएको छ । बडादसैँको उपलक्ष्यमा घोडा दौड प्रतियोगिता हुने गरेको विमानस्थलमा कालोपत्र गरिएपछि चन्दननाथको राजासिमका आयोजना गर्न थालेको नगरप्रमुख कठायतले जानकारी दिनुभयो ।

दाङका थारू बस्तीमा सख्या पैयाँ नाचको रौनक

घोराही । दाङका थारू बस्तीमा यति बेला सख्या पैयाँ नाचको रौनक छ । दसैँ नजिकिएसँगै जिल्लाका थारू बस्तीमा परम्परागत सख्या पैयाँ नाचको रौनक बढेको हो । दसैँ आउन दुई साता अगाडिदेखि सुरु गरेर बडादसैँ नसिकदासम्म सामूहिक रूपमा गाउँमा सख्या पैयाँ नाच्ने परम्परा रहेको छ ।

घोराही उप महानगर पालिका- १७ ओखरामा गत असोज १२ गतेदेखि नै यो नाच सुरु भएको सोही ठाउँका स्थानीय रामप्रसाद चौधरी बताउनुहुन्छ । अन्य थारू बस्तीमा पनि कतिले सुरु गरिसकेका छन् भने कतिले सुरु गर्ने तयारी गरिरहेको उहाँको भनाइ छ । सख्या नाच थारू समुदायमा मात्र नाचिने मौलिक र सबैभन्दा लामो अवधिसम्म नाचिने नाच हो । सख्या नाच प्रायः हरेक वर्षको दसैँको अगाडि कृष्णाअष्टमी अटवारी पर्वपछि सुरु भई तिहारसम्म नाचिने संस्कृति रहेको उहाँ बताउनुहुन्छ । स्थानीय लक्षिमा चौधरी पछिल्लो समय नाच सुरु हुने र अन्त्य हुने समय ठाउँअनुसार भने फरक फरक हुने गरेको बताउनुभयो । यो नाच महिलाहरू दुई समूहमा विभाजन भएर नाचिन्छ भने मादलेमा पुरुषहरू हुन्छन् । नाच हरेक साँझ ०६:००-०७:०० बजेदेखि राति १०:००-११:०० बजेसम्म बरघर अर्थात् गाउँका महतवाको आँगनमा नाच्ने चलन रहेको उहाँको भनाइ रहेको छ ।

थारू अगुवा बुद्धि चौधरी का अनुसार सख्या पैयाँ नाच सुरु हुनभन्दा अगाडि अगुवा मादले र पछुवा मादलेले विशेष किसिमको देवीदेवतालाई सम्झेर भिन्न तालमा मादल बजाउनुपर्छ । जसलाई 'भ्वाङ मर्ना' या 'ट्रासन मर्ना' भनिन्छ ।

त्यसपछि नाच सुरु हुन्छ । नाचमा उपस्थित युवायुवती, महिला सबैले मादलको तालमा पैयाँ नाच नाच्छन । फरक फरक ढङ्गले नचाउन सकिने पैयाँ नाच दर्जनौं किसिमका हुन्छन् ।

मादलको तालमा सामूहिक रूपमा मुजुरा बजाउँदै आङ्गिक अभिनय, खुट्टाको ताल मात्र मिलाएर नचनीहरू नाच्दछन् । यस्तो पैयाँ नाच बीचबीचमा नाचिन्छ भने मूल गीतमा भने दुई समूहमा बाँडेर मादलको तालमा दुबै टोलीका नचनीहरू पालैपालो गीत गाउँदै नाच्ने गरिने उहाँको भनाइ रहेको छ । तर पछिल्लो समय यस्ता परम्परागत विधि पूरा गर्न भने छाड्दै गएको थारू अगुवा चौधरी बताउनुहुन्छ ।

सो अवसरमा दाङका थारू समुदायको मौलिकतासँग जोडिएको यस्तो नाच नाच्न भने नयाँ पुस्ता अग्रसर नहुने गरेको देखिएको छ । यसका कारण पुस्तान्त्रण हुन आवश्यक रहेको भनाइ रहेको छ ।

चितवनका कैदीबन्दीलाई दसैँको उत्साह छैन

चितवन । विगतका वर्षमा दसैँ उत्सवका रूपमा मनाउँदै आएका कारागारका कैदीबन्दीहरूमा अहिले उत्साह देखिँदैन । गत भदौ १० गते आएको भोटेकोशी बाढीका कारण देश शोकमा रहेकाले पनि कारागार कैदीहरूमा उत्साह छैन ।

विगत १५ वर्षदेखि उक्त कारागारमा कैद जीवन बिताउँदै आउनुभएका पदमबहादुर थारू (नाम थर परिवर्तित) अघिल्ला वर्षहरूको जस्तो उत्साह दसैँमा नभएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "अघिल्ला वर्षहरूमा दसैँमा जस्तो रमाइलो गर्ने सोचमा हामी छैनौं ।" यो वर्ष शुद्ध शाकाहारी तरिकाले दसैँ मनाउने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

अघिल्ला वर्षहरूमा विभिन्न किसिमका खेलकुद, सांस्कृतिक कार्याक्रम तथा सामूहिक भोज जस्ता कार्यक्रमहरू हुने गरेको भए पनि यस वर्ष त्यस्तो नहुने अर्का कैदी कृतन शर्मा (नाम थर परिवर्तित) बताउनुहुन्छ । अघिल्ला वर्षहरूमा सामूहिक भोजका लागि राँगा, कुखुरा, बोका, खसीलगायत पशु चौपाया ल्याएर काट्ने गरिएको भए पनि यस वर्ष त्यस्तो नगरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "कसैले व्यक्तिगत रूपमा खान्छ भने खाउन तर सामूहिक



रूपमा हुने काम हुँदैन यो वर्ष ।" टीकाको तीन दिन घरपरिवारसँग बसेर टीका लगाउने बाहेक अन्य कार्यक्रमहरू नगर्ने उहाँले जानकारी दिनुभयो ।

कारागारभित्र आएपछि सबै साथीहरू आफ्नै परिवार जस्तो लाग्ने भन्दै उहाँले बाहिर हुँदाभन्दा यहाँ भित्र फरक किसिमको रमाइलो पाएको बताउनुभयो । अघिल्ला वर्षहरूमा यहाँ बसेर दसैँ मनाउँदा पनि त्यस्तो खासै घरको याद नआएको उहाँको भनाइ छ । अहिले पहिलेको जस्तो नगर्ने मनस्थितिमा कारागारको आन्तरिक प्रशासन पुगेको छ ।

अघिल्ला वर्षहरूमा दसैँको बेलामा नाचगान गर्ने गरिएकामा कारागारका दिदीबहिनीहरू यस वर्ष नाचगान गर्ने सोचमा छैनन् । उनीहरू आन्तरिक रूपमा कुनै कार्यक्रम गर्ने पक्षमा नभए पनि टीकाको दिन परिवारसँग टीका थाप्ने योजनामा रहेका छन् । विगत १० वर्षदेखि कैद जीवन बिताउँदै आउनुभएकी उर्मिला सुब्बा (नाम थर परिवर्तित) अहिलेको दसैँ बाढीपहिरोले लगेको बताउनुहुन्छ । देश नै शोकमा रहेको समयमा उत्साहसहित दसैँ मनाउने सोच आफूहरूमा नरहेको उहाँले बताउनुभयो । अहिले कारागार कार्यालयमा ७३९ जना कैदीबन्दी रहेका छन् । जसमध्ये ४६ महिला र ६९३ पुरुष रहेका छन् । कारागार कार्यालय चितवनका सूचना अधिकारी चेतनाथ ढुङ्गाना अहिले कारागार प्रशासन र आन्तरिक प्रशासनले दसैँलाई उत्साहका साथ नमनाउने योजना बनाएको बताउनुभयो । आम नेपालीलाई उमङ्ग नभएको समयमा यहाँ रहेका कैदीबन्दीहरूलाई पनि नरमाइलो लागेको उहाँले बताउनुभयो । अहिले सबैले सामान्य तरिकाले मनाउने योजना बनाएको उहाँको भनाइ छ ।

दसैँको रौनकसँगै हराउँदै रातो माटो र कमेरोको संस्कृति

लमजुङ । हिजोआज गाउँका भित्ता रातो माटो र कमेरोले रँगिन छाडेका छन् । कताकति कमेरो वा रातोमाटोले घर पोतेको भेटिन्छ ।

विगतमा दसैँ नजिकिएसँगै रातो माटो र कमेरोले घर पोत्दा गाउँबस्ती नै रङ्गीन र चहलपहलपूर्ण देखिन्थेपरम्परागत शैलीमा घर पोत्ने चलन अहिले लगभग लोप भइ सकेको छ । सिमेन्टले प्लास्टर गरिएका र आधुनिक रङ लगाइएका घर बढेसँगै दसैँको आगमनसँग जोडिएको गाउँको त्यो पुरानो रौनक पनि हराउँदै गएको छ ।

विगतमा दसैँ नजिकिएसँगै गाउँघरमा रातो माटो र कमेरो खोजेर ल्याउने, घरका भित्ता पोत्ने, ढोका-भ्यालमा रँगाउने र बाटाघाटा सफा गर्ने चटारो हुन्थ्यो । गाउँलेहरू मिलेर माटो ल्याउने र एकअर्काको घर पोत्न सघाउने चलन दसैँको तयारीसँगै जोडिएको थियो । केही वर्षदेखि लमजुङका गाउँबस्तीमा यो परम्परा क्रमशः हराउँदै गएको छ ।

आधुनिक घर निर्माण, सिमेन्टको प्रयोग, बजारमा पाइने रङको बढ्दो चलन र बसाइँसराइका कारण रातो माटो र कमेरोले घर पोत्ने परम्परा कमजोर बन्दै गएको स्थानीय बताउँछन्। कुनै समय गाउँका घरलाई दसैँका लागि नयाँ रूप दिने र छरछिमेकबीच सहकार्य बढाउने यो चलन अहिले विरलै देखिन थालेको छ ।

बँसीसहर नगरपालिका-११, चितीका ७२ वर्षीय हरिकृष्ण तिवारीलाई दसैँअघि गाउँमा हुने पुरानो चहलपहल अझै सम्झना छ । उहाँका अनुसार पहिले गाउँलेहरू आधा घण्टादेखि एक घण्टासम्म पैदल हिँडेर जङ्गलनजिकका ठाउँमा पुग्थे र घर पोत्न रातो माटो खनेर ल्याउँथे। त्यसपछि घरका भित्ता रातो माटो र कमेरोले पोत्ने, ढोका-भ्यालमा कालो रङ लगाउने तथा बाटोघाटो सफा गर्ने गरिन्थ्यो ।

घर पोत्ने काम घरधनीको मात्र जिम्मेवारी हुँदैनथ्यो । गाउँलेहरू मिलेर माटो ल्याउने र एकअर्काको घर पोत्न सघाउँथे । घरमा वृद्धवृद्धा मात्रै रहेका वा आफैँले घर पोत्न नसक्ने परिवारलाई छिमेकीले माटो ल्याइदिने र आवश्यक सामग्री जुटाउन सहयोग गर्ने चलन थियो । पहिलेको जस्तो आपसी सहयोग र सहकार्य कमजोर हुँदै गएको तिवारीको अनुभव छ । रोजगारी तथा अन्य अवसरको खोजीमा परिवारका सदस्य गाउँबाहिर जाने क्रम बढेको, कतिपय घर खाली रहेको र कतिपयमा वृद्धवृद्धा मात्रै बस्ने गरेकाले गाउँको पुरानो चहलपहल घटेको उहाँले बताउनुभयो । तिवारीको आफ्नै घरमा पनि यो परिवर्तन देखिएको छ । उहाँका अनुसार २०७२ सालको भूकम्पअघि उहाँको घर परम्परागत शैलीको थियो र त्यसमा रातो माटो तथा कमेरो पोत्ने गरिन्थ्यो । भूकम्पपछि नयाँ घर निर्माण गर्दा पुरानो बनावट कायम नरहेकाले अहिले पहिलेझैँ घर पोत्ने अवस्था नरहेको उहाँले बताउनुभयो ।

दोर्दी गाउँपालिका-४, नौथरसेराका लक्ष्मण गुरुङका अनुसार पुराना घरको सङ्ख्या घट्दै जानु र नयाँ घरमा सिमेन्ट तथा बालुवाको प्रयोग बढ्नुले यो परम्परा हराउँदै गएको हो । पहिले गाउँका धेरैजसो घरमा रातो माटो र कमेरो



पोतिने गरे पनि अहिले पुराना घरमा समेत सिमेन्टको प्लास्टर गर्ने चलन बढेको उहाँले बताउनुभयो ।

बेँसीसहर नगरपालिका-३, गाउँसहरका केही घरमा अझै रातो माटो र कमेरोले पोत्ने परम्परा कायम छ। लमजुङ दरबारनजिकै रहेको गाउँसहरका केही स्थानीयले परम्परागत शैलीमा घर पोतेर गाउँबस्ती सफा र आकर्षक राख्ने अभ्यासलाई निरन्तरता दिँदै आएका छन् ।

स्थानीय सुरेश श्रेष्ठका अनुसार गाउँसहरका केही घरमा अझै रातो माटो र कमेरोले पोत्ने गरिन्छ। आधुनिक घर निर्माण बढ्दै जानु र पुराना घर भत्काएर नयाँ संरचना बनाउने क्रमले यो परम्परा पनि क्रमशः हराउने जोखिम बढेको उहाँले बताउनुभयो ।

रातो माटो र कमेरोले घर पोत्ने चलन घर सजाउने तरिका मात्रै थिएन । यसमा स्थानीय स्रोतसाधनको प्रयोग, परम्परागत सीप र छरछिमेकबीचको सहकार्य जोडिएको थियो। दसैँअघि गाउँलेहरू मिलेर गर्ने कामले सामूहिकता र आपसी सहयोगलाई पनि बलियो बनाउँथ्यो । बर्दलिँदो ग्रामीण जीवनशैलीसँगै यो अभ्यास कमजोर हुँदा गाउँका भित्ताबाट रातो माटो र कमेरोको रङसँगै चाडपर्वमा मिलेर काम गर्ने पुरानो परम्परा पनि लोप भएको छ ।

विभिन्न स्थानका सवारी दुर्घटनामा नौ जनाको मृत्यु

काठमाडौं । देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा नौ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पछिल्लो २४ घण्टामा सिन्धुली, सुनसरी, उदयपुर, धनुषा, मोरङ, रौतहट र रोल्पामा भएका दुर्घटनामा नौ जनाको मृत्यु भएको हो ।

सिन्धुलीको फिक्कल गाउँपालिका-६ नागथानस्थित सडकमा को१ज २९७६ नम्बरको सुमो अनियन्त्रित भई आइतबार (हिजो) बिहान दुर्घटना हुँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको छ । खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-५ बस्ने २१ वर्षीया युपना राईसहित तीन जनाको घटनास्थलमै मृत्यु भएको हो ।

काठमाडौँबाट खोटाङतर्फ जाँदै गरेको उक्त सुमो दुर्घटनामा घाइते भएका चालक र एक यात्रुको सिन्धुली अस्पताल र अन्य दुई जनाको राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

त्यस्तै, सुनसरीको इनरूवा नगरपालिका-४ बसचोकस्थित सडकमा लु२ख ६९१२ नम्बरको ट्रकले को२५प २७४९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-९ बबिया बस्ने ५० वर्षीया रितादेवी यादवको मृत्यु भएको छ। उदयपुरको कटारी नगरपालिका-५ भोर्लेस्थित सडकमा प्र १-०५-००१ प ९६८२ नम्बरको मोटर साइकल र बा ०१-००६ ख ६८४४ नम्बरको इभी गाडी एकआपसमा ठोक्किँदा सोही ठाउँ बस्ने ३० वर्षीय मोटरसाइकल चालक सुमन श्रेष्ठको मृत्यु भएको हो। धनुषाको जनकपुर उपमहानगरपालिका-१७ तेतरिया पुलस्थित सडकमा ज ११ प ३०५८ नम्बरको मोरटसाइकल र म प्र ०२-००९ प ११५७ नम्बरको मोटर साइकल एकआपसमा ठोक्किँदा सोही ठाउँका १८ वर्षीय सुजित यादवको मृत्यु भएको छ । उक्त दुर्घटनामा घाइते भएका तीन जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । मोरङको सुनवर्षी नगरपालिका-५ झुङ्गी टोलस्थित सडकमा बीआर ३८ एच ३५०४ नम्बरको मोटरसाइकल र प्र १-०२-०४५ प ८९६६ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा ४७ वर्षीय शिवकुमार मण्डलको मृत्यु भएको छ । रौतहटको मौलापुर नगरपालिका-२ मर्यादपुरस्थित सडकमा बा३७प ९९७७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा त्यसमा सवार फतुवा विजयपुर नगरपालिका-२ शीतलपुर बस्ने ७० वर्षीया सोमरियादेवी ठाकुरको मृत्यु भएको छ ।

रोल्पाको माडी गाउँपालिका-१ चालाङ भिरस्थित सडकमा घर्तीगाउँबाट पेदीखोलातर्फ जाँदै गरेको लु प्र ०२-००१ ह १९४७ नम्बरको अटो आज बिहान दुर्घटना हुँदा त्यसमा सवार सोही गाउँपालिका-१ घोर्नेटी बस्ने ३२ वर्षीया खुमाकुमारी भण्डारीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

अटो दुर्घटना हुँदा एक जनाको मृत्यु

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को कावासोती नगर पालिका-६ माझकोटस्थित भित्री सडकखण्डमा अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने चालकसहित सात जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का सूचना अधिकारी प्रहरी नायब उपरीक्षक अनिल पण्डितका अनुसार दुर्घटनामा परी गम्भीर घाइते भएकी कावासोती नगरपालिका-१ हात्तीखोर की ४१ वर्षीया ईशा सुनारको उपचारका क्रममा भरतपुरस्थित सेन्ट्रल अस्पताल मा मृत्यु भएको हो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com